

# कृषि रणनीतिमा रूपान्तरणको खाँचो

**डा. कृष्णप्रसाद पौडेल**

एसियाली विकास बैंक र अन्य दर्जनजति दातृ निकायको आर्थिक तथा प्राविधिक सहायतामा विगत दुई वर्षदेखि नेपाल सरकारको कृषि मन्त्रालयले दीर्घकालीन कृषि रणनीति बनाउने कसरत गरिरहेको छ । यो रणनीति बनाउने कार्यसँगै यसको निर्माण प्रक्रिया र यसले समेट्ने विषयवस्तुका बारेमा जनचासो बढेको छ। किसान सञ्जाल र नागरिक समाजको ठूलो दवावपछि यसको निर्माण प्रक्रियामा थप सहभागिता बढाइए पनि यो रणनीतिको ढाँचा र नीति निर्माणको प्रक्रिया सरकारी परम्पराभन्दा माथि उठेको छैन । मस्यौदामा समेटिएका विषयवस्तु स्थानीय अवस्थाको विश्लेषणभन्दा बाहिरबाट प्रस्तुत छन् ।

नेपाली कृषि ओरालो लाग्न थालेको दुई दशक बढी भइसकेको छ । कृषि कर्म गरेर घरबार चलाउन नसक्ने भएपछि युवा किसान सहर तथा विदेश पलायन भइरहेका छन् । परिवर्तित अवस्थामा कृषिमा आधारित जीविकोपार्जन दिगो नभएपछि आफ्नै अनुभवबाट किसानहरू आफै आफ्नो परिवारका सदस्यहरूलाई गाउँ छोड्न प्रोत्साहित गरिरहेका छन्। त्यसैले अहिले धेरै गाउँहरूमा त्यस्ता वृद्ध, अपांग र अशक्तहरूमात्र बाँकी छन्, जोसँग साधनस्रोत छैन। सक्नेहरू प्रायः बाटो लागिसके।

अर्कोतर्फ जो आफ्नो खेतीपाती गरेर टिकिरहेछन्, उनीहरू पनि खेतीमा प्रयोग हुने मल, बीउ, विषादी तथा कृषि सामग्री महङ्गो भएका कारण गाउँ छोड्न खुट्टो उचालेर बसेका छन् । यसले गर्दा अर्कोतिर सुखी जीवनको आसाले सहर-बजार जानेहरू आयातीत खाद्यान्नमा निर्भर भएकाले महँगीको मारमा पिल्सिन पुगेका छन् । गाउँ-सहर दुवैतिर खाद्यान्न आयातमा आधारित जीवन पद्धति मौलाइरहेछ। यसले गर्दा प्रत्येक परिवारको आम्दानीको ठूलो हिस्सा दैनिक गुजारानिम्ति खर्च भइरहेछ। बचत गर्ने त कुरै छाडौं, साउँ खर्च गरेर पनि जीवन गुजारा गर्न गाह्रो परिरहेछ।

केही वर्ष अघिसम्म खाद्यान्न निर्यात गर्ने नेपाली किसान अहिले खाद्यान्न आयात गर्न बाध्य भएका छन् । गरिएको खेती पनि उत्पादनशील हुन नसक्दा कृषि उत्पादन घट्दो छ । परिणामस्वरुप अहिले अर्बौं मूल्य बराबरको खाद्यान्न, माछामासु तथा फलफूल आयात भइरहेको छ। विदेशबाट नेपालमा आयात भइरहेका सामग्री र त्यसको तथ्यांक हेर्ने हो भने जोकोही छक्क पर्नु अस्वाभाविक होइन। अन्नका त कुरा छाडौं, मासुमाछा, फलफूल, तरकारीमै हाम्रो परनिर्भरता अचम्मलाग्दो देखिन्छ। पेट्रोलियम पदार्थ, लत्ताकपडा र निर्माण सामग्रीपछि कृषिप्रधान देश नेपालमा मासु र माछा आयात गर्न सबैभन्दा धेरै रुपैयाँ बाहिरिइरहेछ। यी कुरालाई केलाउने हो भने गएका वर्षमा हामीले कृषि विकासका नाममा के गरेछौं, छर्लंग हुन्छ।

अर्कोतर्फ आधुनिक खेतिपातीका विकृति अहिले आएर क्रमैसँग देखापरिरहेछन् । हरित क्रान्तिमा आधारित कृषि विकासनिम्ति भनेर रासायनिक मल, कीटनाशक विषादी, नपुंशक बीउको प्रयोग व्यापक रूपमा बढ्दै जाँदा पर्यावरणीय तथा मानवीय स्वास्थ्यमा प्रतिकूल असर परेको छ। अत्यधिक रासायनिक मलको प्रयोगले माटोको उर्वराशक्ति क्षीण हुँदै गएको छ। बदलिँदो मौसम तथा जलवायुमा आएको परिवर्तनले कृषि उत्पादनमा व्यापक ह्रास ल्याएको छ। कृषिलाई बाह्य स्रोतमा आधारित बनाउँदै लैजाँदा कृषि र वन बीचको प्राकृतिक अन्तरसम्बन्धमा व्यापक ह्रास आएको छ । यसले गर्दा दिगो खेतीपाती तथा वनस्रोत व्यवस्थापन दुबै सकंटग्रस्त हुँदैछन् ।

यति नै बेला रणनीति बनाउने कार्यदलले विगतका कृषि नीतिको समीक्षा र त्यसका आधारमा तयार पारिएको कृषि विकासको दृष्टिकोण मस्यौदा प्रस्तुत गरेको छ भने नीतिगत विकल्पको मस्यौदा बनाउने अन्तिम तयारी गर्दैछ । उक्त समीक्षामा २० वर्षे दीर्घकालीन कृषि योजनाको असफलतालाई नीतिगत प्रतिवद्धता र कार्यान्वयन क्षमतामा कमजोर भएको निर्क्योल गरिएको छ । आफै बोक्सी आफै धामी भन्ने नेपाली उखानलाई चरितार्थ गर्दै उक्त योजना बनाउने दाता र तिनका सहयोगीहरूबाट गरिएको यो समीक्षाको निष्कर्षले दीर्घकालीन कृषि योजनाको असफलताको कारणको विश्लेषण र यसबाट सिक्नुपर्ने पाठको वास्तविक बहसलाई तुहाएको छ ।

यथार्थमा १८ वर्ष पहिले बनाएको उच्च लगानीको व्यापारिक कृषि योजनामा अनुदानको व्यवस्था गरिएको भए पनि योजना बनेको दुई वर्ष नबित्दै दाताहरूकै दबाबमा अनुदानमा कटौती गरेसँगै तुहिएको हो । अनुपयुक्त कृषि विकासको ढाँचामा तयार पारिएको कृषिको दीर्घकालीन विकास रणनीति असफल हुनु स्वाभाविक थियो । पहिले बनेको दीर्घकालीन कृषि योजनाको असफलताका कारणको आलोचनात्मक विश्लेषण नगरी अहिले प्रस्ताव गरिएको कृषि विकास रणनीतिको मस्यौदामा आत्मनिर्भर, प्रतिस्पर्धात्मक, दिगो र समावेशी कृषि क्षेत्रले आर्थिक विकास, जीवनस्तरमा सुधार र खाद्य तथा पौष्टिक सुरक्षा बढाउने परिकल्पना गरिएको छ। अहिले बनाउँदै गरेको रणनीतिको प्रस्ताव नेपाली आर्थिक सामाजिक परिवेशको यथार्थता तथा कृषि रूपान्तरणको वस्तुगत आधारको विश्लेषणबाट नभई खुल्ला बजार अर्थतन्त्रको आडमा कृषिलाई व्यापारीकरण गर्ने चिन्तनको जगमा तयार पारिएको देखिन्छ । सिमान्त उत्पादकत्वको सिद्धान्तमा आधारित कुल संसाधन उत्पादकत्वको प्राविधिक ढाँचामा प्रस्तुत रणनीतिको खाकाले कृषिलाई विशुद्ध प्राविधिक र आर्थिक क्रियाकलाप अनि नेपाली किसानलाई कृषि मजदुरको रूपमा चित्रण गर्दै, बहुराष्ट्रिय कम्पनी र अन्तर्राष्ट्रिय बैंकहरूको आर्थिक लगानी भित्र्याए मात्र नेपाली कृषिको रूपान्तरण हुने र नेपालको गरिबी हट्ने सपना बोकेको छ।

> **कृषि विकासको उपयुक्त ढाँचाको सोच विकास नगरी बनाइने कृषि विकास रणनीति हावामा महल बनाउनु जस्तै हो ।**

यसले नेपाली कृषिलाई प्रतिस्पर्धात्मक बनाउनुपर्ने कुरामा जोड दिँदै पश्चिमी शैलीको उच्च लगानीसहितको बजारमुखी कृषि ढाँचालाई दिगो कृषिको रूपमा प्रस्तुत गरेको छ । यस्तो प्रतिस्पर्धात्मक कृषि नेपालको तत्कालीन रणनीति हुनसक्छ कि सक्दैन भन्नेबारे व्यापक बहस गर्न जरुरी छ। किनकि हाम्रोजस्तो भौगोलिक विविधतामा ठूलो परिणामको व्यावसायिक उत्पादन र छिमेकी मुलुकसंगको बजारको प्रतिस्पर्धा कति सम्भव छ।

अहिले प्रस्तुत नेपालको कृषिको रूपान्तरणको ढाँचा पश्चिमी शैलीको औद्योगिक विकास र बजारद्वारा नियन्त्रित कृषि विकासको सोचमा आधारित छ । नेपाली कृषिको आफ्नै विविधता भएकोले नेपालको तराईमा बाहेक सम्म मैदान कृषि ढाँचा जस्ताको तस्तै लागु हुनै सक्दैन । दोस्रो कुरा, यस्तो भूबनोटमा ठूलो परिणामको उत्पादन संयन्त्र विकास गर्न नसक्दा छिमेकी मुलुकको ठूलो कृषि संयन्त्रले उत्पादन गर्ने कृषि उपजसँग नेपाली कृषि उपजले प्रतिस्पर्धा गर्न सक्दैन । परिणामतः बजारमुखी कृषिको सोच असफल हुन्छ। उदाहरणका लागि कर्णाली लगायत अन्य हिमाली जिल्लाका स्याउभन्दा चीनबाट ल्याएको स्याउ सस्तो हुने गरेको छ । नेपाल जस्तो पहाडी भूभागमा यस्तो कृषि प्रणालीको विकास र अन्य मुलुकहरूसँग यसको प्रतिस्पर्धा हुनसक्दैन । तेस्रो कुरा, हामीले नेपाली कृषिलाई हेर्ने दृष्टिकोण हाम्रो विशिष्टताको विश्लेषणबाट तयार गरिनुपर्छ। अहिले तयार परिएको कृषि विकास रणनीतिको मस्यौदा यी जटिलतालाई सम्बोधन गर्नेतर्फ भन्दा उच्च लगानीको कृषि विकासलाई आधार बनाइएको छ। यसले कृषिमा बाह्य लगानी बढाएर कृषि विकास गर्न सकिने जिकिर प्रस्तुत गरेको छ। नेपालको कृषि विकासको संरचनागत तथा प्राविधिक आधारहरूलाई सम्बोधन नै नगरी बनाएको योजना कागजमा दुरुस्त देखिए पनि व्यवहारमा उतार्न असम्भव छ।

देशको कृषि विकासको ढाँचा कस्तो बनाउने भन्ने कुरा सामाजिक-आर्थिक अवस्था र भूबनोट र पर्यावरणीय अवस्थाले निर्धारण गरेको हुन्छ। तर विडम्बना हाम्रो कृषि विकासको ढाँचा यी दुवै अवस्थाको विशिष्टता विश्लेषणबाट बनाउनेतर्फ उचित ध्यान पुगेको छैन। नेपालको कृषिलाई बुझ्ने दृष्टिकोणबाटै कृषि विकासको रणनीतिक बाटो छुट्टिन्छ। यस्तो दृष्टिकोणको आधार नेपालको समग्र वस्तुस्थितिको मूल्यांकनमा आधारित हुनुपर्छ। तर दीर्घकालीन कृषि योजनाको ढाँचालाई पछ्याउँदै तयार पारिएको यो दस्तावेजमा कृषि रणनीतिका आधारहरूको विश्लेषण नै मनोगत र काल्पनिक छन् । यसमा अन्य मुलुकमा भए/गरेका कृषि विकासका सकारात्मक अनुभवहरूलाई उदाहरणको रूपमा प्रस्तुत गरिए पनि नेपालको विशिष्टतामा यिनको उपयोग कसरी हुनसक्छ भन्ने कुरा कहीं कतै भेटिँदैन।

कृषि विशुद्ध प्राविधिक विषय होइन, यो जीवन पद्धतिको आधार हो । सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक र जैविक आयामहरूको लेखाजोखा नगरी व्यावहारिक कृषि रणनीति बनाउन सकिँदैन । कृषि विकासको उपयुक्त ढाँचाको सोच विकास नगरी बनाइने कृषि विकास रणनीति हावामा महल बनाउनु जस्तै हो । तसर्थ सबभन्दा पहिला कृषि विकासको उपयुक्त ढाँचाबारे पर्याप्त बहस हुन र नेपालको वस्तुगत परिस्थितिको विश्लेषणका आधारमा मात्र यसको ढाँचा बनाइनुपर्छ। तसर्थ नेपाली कृषिको रूपान्तरणको यात्रा पर्याप्त खोज र विश्लेषणका आधारमा मात्र निर्क्योल गरिनुपर्छ।